annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ६८, पृष्ठ ८ | काठमाडौं, मंगलबार २३ असार २०८३ | आषाढ कृष्णपक्ष सप्तमी नेपाल संवत् ११४६ | TUESDAY, JULY 7, 2026 | काठमाडौं, इटहरी, [illegible] एकसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

## सुदूरपश्चिमको बजेट :

# जनताको करमा मन्त्रीहरूको रजाइँ

सुदूरपश्चिममा २२ दिनसम्म विनियोजन विधेयक र अर्थ विधेयक टेबुल हुन सकेको छैन। मुख्यमन्त्री कमलबहादुर शाह र आर्थिक मामिलामन्त्री विक्रमसिंह धामीले मनोमानी रूपमा बजेट ल्याएको आरोप लगाउँदै गठबन्धन दलहरूभित्रै चरम असन्तुष्टि बढ्दै गएको छ। सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेसभित्रै अधिकांश प्रदेश सभा सदस्य बजेटप्रति असन्तुष्ट छन्।

**शिवराज भट्ट** | *धनगढी*

विस्तृत पृष्ठ २

## टेरामक्स प्रकरणमा पूर्वमन्त्री बस्नेतलाई सफाइ, दिगम्बर झासहित ३ जना दोषी ठहर

**काठमाडौं** (अन्नपूर्ण) : विशेष अदालतले बहुचर्चित नेपाल दूरसञ्चार प्राधिकरणको टेरामक्स खरिद भ्रष्टाचार मुद्दामा प्राधिकरणका तत्कालीन अध्यक्ष दिगम्बर झासहित ३ जनालाई दोषी ठहर गरेको छ।

न्यायाधीशहरू हेमन्त रावल, डिल्लीरत्न श्रेष्ठ र उमेश कोइरालाको इजलासले ५ दिनको निरन्तर सुनुवाइपछि सोमबार फैसला सुनाएको हो। अदालतले तत्कालीन अध्यक्ष झा, सञ्चालक समिति सदस्य एवं कानुन मन्त्रालयका पूर्वसहसचिव धनराज ज्ञवाली र अर्का सदस्य टीकाप्रसाद उप्रेतीलाई दोषी ठहर गर्दै ६ महिना कैद र जनही ५० हजार रुपैयाँ जरिबाना गर्ने फैसला गरेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले टेरामक्स खरिदमा भ्रष्टाचार भएको भन्दै ३ अर्ब २१ करोड रुपैयाँ बिगो दाबीसहित १ जेठ, २०८२ मा मुद्दा दायर गरेको थियो।

पूर्वसञ्चारमन्त्री मोहनबहादुर बस्नेतसहित बाँकी १६ जनाले भने पूर्ण सफाइ पाएका छन्। वार्षिक कार्यक्रममा नीतिगत सहमति दिएकै आधारमा मात्र मन्त्रीको संलग्नता पुष्टि नहुने भन्दै विशेष अदालतले बस्नेतलाई सफाइ दिएको हो। अदालतले आफ्नो संक्षिप्त आदेशमा बस्नेतको सफाइबारे उल्लेख गरेको छ, 'खरिद प्रक्रियाबाट यी प्रतिवादी (मोहन बस्नेत) ले व्यक्तिगत लाभ लिएको भन्ने वस्तुनिष्ठ आधार अभियोजन पक्षले पेस गर्न सकेको अवस्था पनि छैन। मुद्दासँग सम्बन्धित खरिद प्रक्रियामा बस्नेत संलग्न रहेको मान्न मिल्ने अवस्था देखिँदैन, तसर्थ प्रतिवादी बस्नेतले आरोप दाबीबाट सफाइ पाउने ठहर्छ।'

विशेष अदालतले मन्त्रालयको नेतृत्वलाई उन्मुक्ति दिँदै प्राधिकरणको विज्ञता र स्वायत्तता मन्त्रीले हस्तक्षेप नगरेको पुष्टि गरेको छ।

अदालतको फैसलासँगै प्राधिकरणका अर्का तत्कालीन अध्यक्ष पुरुषोत्तम खनाल, निर्देशकहरू दीपेश आचार्य, अच्युतानन्द मिश्र, सुरेन्द्रलाल हाडा, उपनिर्देशकहरू रेवतीराम पन्थ, सुरेश बस्नेत, हिरण्यप्रसाद बस्ताकोटी, सन्दीप आचार्य र कर्मचारी विजयकुमार रायले सफाइ पाएका छन्। त्यस्तै, आपूर्तिकर्ता कम्पनी भ्यानराइस एसएएल (अफ्सोर), त्यसका सीईओ जमल अनोटी र स्थानीय एजेन्ट ट्रेड लिंक प्रालिका अध्यक्ष दिलीपकुमार गुरुङले पनि मुद्दाबाट मुक्ति पाएका छन्।

# बालेनलाई कस्ने रास्वपाको विधान

## सचिवालयमा छैनन् वरिष्ठ नेता, सभापति शक्तिशाली

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को नयाँ विधानले पार्टी सभापतिलाई थप शक्तिशाली बनाएको छ। गत असार ७ देखि १२ गतेसम्म भएको पहिलो महाधिवेशनबाट पारित विधानले संसदीय दलका नेतालाई समेत कस्ने गरी विधान बनाएको हो।

रास्वपाले आफ्नो नयाँ विधानमार्फत आवश्यकता र योगदानका आधारमा दुई वा सोभन्दा बढी नेतालाई वरिष्ठ नेताको जिम्मेवारी दिन सकिने नयाँ व्यवस्था गरेको छ। यसअघि वर्तमान प्रधानमन्त्री वालेन्द्र शाह रास्वपामा समायोजन हुँदा उनलाई वरिष्ठ नेता बनाएर ल्याइएको भए पनि विधानमा त्यस्तो व्यवस्था थिएन। हाल पार्टीमा एकभन्दा बढी वरिष्ठ नेता रहने व्यवस्था गर्दै नेतृत्व संरचनामा नयाँ प्रावधान थपिएको छ।

महाधिवेशनबाट पारित विधानअनुसार पार्टीको नीति निर्माण, वैचारिक विकास तथा संगठन सुदृढीकरणमा लामो समयदेखि उल्लेखनीय योगदान पुऱ्याउँदै आएका र लामो राजनीतिक अनुभव हासिल गरेका नेतालाई वरिष्ठ नेता मनोनीत गर्न सकिनेछ। यस्तो मनोनयन पार्टी सभापतिको प्रस्तावमा केन्द्रीय समितिले गर्ने व्यवस्था छ। यससँगै रास्वपाले वरिष्ठ नेताको पदलाई संस्थागत रूपमा स्थापित गर्दै आवश्यकताअनुसार एकभन्दा बढी व्यक्तिलाई जिम्मेवारी दिने बाटो खुला गरेको हो। विधानअनुसार वरिष्ठ नेताको मर्यादाक्रम पार्टी सभापतिपछिको दोस्रो स्थानमा हुनेछ। तर, पार्टीमा दुई वा सोभन्दा बढी वरिष्ठ नेता भएमा उनीहरूको वरीयता तथा मर्यादाक्रम केन्द्रीय समितिले निर्धारण गरेबमोजिम हुनेछ। महाधिवेशन भएको १० दिन बितिसक्दा पनि वरिष्ठ नेतासहितका पदाधिकारीहरूको मनोनयन भने भइसकेको छैन।

**सभापतिले संसदीय दलको नेता हटाउन सक्ने**

रास्वपाको विधानमा पार्टी सभापतिले संसदीय दलको नेतालाई हटाउन सक्ने प्रावधान राखिएको छ। सार्वजनिक विधानअनुसार पार्टी सभापतिले दिएको नीतिगत मार्गनिर्देशन पालना नगरेमा संसदीय दलको नेताको पद रिक्त हुने व्यवस्था गरिएको छ। संसदीय दलको नेताविरुद्ध संसदीय दलमै प्रत्याह्वान वा अविश्वासको प्रस्ताव पारित भएमा पनि पदमुक्त हुने व्यवस्था छ।

हाल रास्वपाको संसदीय दलको नेता प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन' छन्। पार्टी सभापति संसदीय दलको नेता नरहेको अवस्थामा, संसद्मा पार्टीको आधिकारिक नीति, सिद्धान्त, निर्णय र दृष्टिकोणको प्रभावकारी प्रतिनिधित्व तथा कार्यान्वयनका लागि संसदीय दललाई आवश्यक नीतिगत मार्गनिर्देशन प्रदान गर्ने उल्लेख छ।

विधानको दफा ६८ (१-ङ) मा लेखिएको छ, 'यस विधानको ११(क) को ३ अनुसार पार्टी सभापतिले दिएको नीतिगत मार्गनिर्देशन पालना नगरेमा।' विधानको ११ (क) को ३ संसदीय दललाई सभापतिले नीतिगत मार्गनिर्देशन दिने व्यवस्था छ। विधानको उक्त विधि उल्लंघन गरे सभापतिले संसदीय दलको नेता हटाउन सकिने गरी प्रावधान राखिएको छ।

**सचिवालयमा राखिएन वरिष्ठ नेतालाई**

नयाँ विधानमा पार्टीको सचिवालयमा भने वरिष्ठ नेतालाई राखिएको छैन। पार्टीको दैनिक कार्यसञ्चालन गर्न, तत्काल आइपर्ने राजनीतिक तथा सांगठनिक विषयमा द्रुत निर्णय लिन र केन्द्रीय समितिका निर्णयहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गराउन एक उच्चस्तरीय कार्यकारी संयन्त्रका रूपमा पार्टी सचिवालय रहने व्यवस्था गरिएको छ। पार्टी सभापतिको नेतृत्वमा बढीमा ३३ सदस्यीय सचिवालय गठन हुनेछ। जसमा ३ उपसभापति, २ महामन्त्री, ५ सहमहामन्त्री, १ कोषाध्यक्ष र १ प्रवक्ता अनिवार्य रूपमा पदेन सदस्यका रूपमा रहनेछन्।

» बाँकी पृष्ठ ६

## 'कर्मचारी संगठनका भवनहरू ३ दिनभित्र खाली गर्नू'

**काठमाडौं** (अन्नपूर्ण) : सरकारले निजामती कर्मचारीहरू सम्बद्ध युनियन तथा संगठनका भवन तथा अन्य भौतिक संरचनाहरू खाली गर्न निर्देशन दिएको छ। भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले साविकका युनियन, संगठन र संघहरूले सरकारी जग्गा भोगाधिकार प्राप्त गरी निर्माण गरेका भवन तथा अन्य संरचना र बहालमा दिएको भए सोसमेत तीन दिनभित्र पूर्णरूपमा खाली गराउन निर्देशन दिएको हो। खाली गराइएका भवनको कागजात, सम्पत्तिको जिम्मेवारी र तालाचाबी मन्त्रालयको आन्तरिक व्यवस्थापन महाशाखामा बुझाउनुपर्ने सूचनामा उल्लेख छ।

सरकारको यो निर्णयसँगै स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन, नेपाल मधेसी निजामती कर्मचारी मञ्च, नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन तथा एकीकृत सरकारी कर्मचारी संगठन नेपालका संरचना पनि सरकारलाई बुझाउनुपर्नेछ। यसैगरी नेपाल स्वास्थ्यकर्मी संघ र मधेसी स्वास्थ्यकर्मी फोरम नेपालले भोगचलन गर्दै आएका भवन तथा जग्गासमेत खाली गर्नुपर्ने मन्त्रालयको सूचनामा उल्लेख छ।

# चुनदेवीबाट कांग्रेस इतर पक्ष सक्रिय

**राधा खनाल** | *काठमाडौं*

नेपाली कांग्रेसको १५औं महाधिवेशन नजिकिँदै जाँदा पार्टीभित्रको आन्तरिक राजनीति थप तातेको छ। संस्थापन इतर पक्षले काठमाडौंको चुनदेवीमा सम्पर्क कार्यालय स्थापना गर्दै राजनीतिक गतिविधिलाई तीव्र बनाएको छ भने पार्टी एकताको पहल जारी राख्ने प्रतिबद्धतासँगै राष्ट्रिय भेला आयोजना गर्ने तयारीसमेत अघि बढाएको छ।

सोमबार निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले चुनदेवीस्थित सम्पर्क कार्यालयको उद्घाटन गरेपछि १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको बैठक बसेको थियो। बैठकमा विशेष महाधिवेशनयता भएका राजनीतिक घटनाक्रम, संस्थापन पक्षसँग भएका संवाद, आगामी महाधिवेशनको तयारी तथा पार्टीभित्रको एकताबारे विस्तृत छलफल भएको थियो।

बैठकमा नेता खड्काले पार्टी एकतालाई प्राथमिकतामा राखेर आफूहरूले संस्थापन पक्षसँग निरन्तर संवाद गरिरहेको जानकारी दिए। उनले १४औं महाधिवेशनबाट निर्वाचित तर विशेष महाधिवेशनपछि केन्द्रीय कार्यसमितिबाट बाहिरिएका १ सय ११ जना नेतालाई केन्द्रीय समितिमा समायोजन गर्न प्रस्ताव गरिएको पनि बैठकमा जानकारी गराए।

उपसभापति विश्वप्रकाश शर्मासँग सातबुँदे प्रस्तावका विषयमा लिखित रूपमा संवाद भएको जानकारी दिँदै खड्काले ब्रिफिङ गरेका थिए, 'मलाई र डा. शेखर कोइरालालाई वरिष्ठ नेता बनाउने प्रस्ताव आएको भए पनि मैले त्यो प्रस्तावलाई अस्वीकार गरेकै हो। किनभने पार्टीभित्र सम्मानजनक राजनीतिक सहमति र संस्थागत एकता महत्त्वपूर्ण भएकाले व्यक्तिगत पदको विषयलाई प्राथमिकता दिइनँ।'

बैठकमा संस्थापन पक्षसँगको पछिल्लो संवाद, क्रियाशील सदस्यता अद्यावधिक, केन्द्रीय समितिको समायोजन र महाधिवेशनको तयारीबारे पनि समीक्षा गरिएको थियो। खड्काले पार्टीभित्र भएका सम्पूर्ण संवादको जानकारी नेताहरूलाई गराउँदै आगामी दुई-तीन दिनभित्र थप छलफल गरी साझा निष्कर्षमा पुग्ने बताएका थिए।

नेता विमलेन्द्र निधिले सम्पर्क कार्यालय खोल्नु कुनै नौलो कुरा नभएको बताए। 'सम्पर्क कार्यालय खोल्छौं त हामीले भनेकै थियौं। विगतमा पनि अर्को पक्षले यस्ता कार्यालय खोलेकै हुन्। यो कुनै ठूलो कुरा भएन,' उनले भने, 'हामीले गर्न लागेको राष्ट्रिय सम्मेलनमा आएका कार्यकर्ता साथिहरूले जे भन्नुहुन्छ हामी त्यही निर्णय लिन्छौं।'

बैठकपछि नेता मीनबहादुर विश्वकर्माले कांग्रेसलाई पुनः मुलुकको सबैभन्दा ठूलो राजनीतिक शक्तिका रूपमा स्थापित गर्ने लक्ष्यसहित सम्पर्क कार्यालय सञ्चालनमा ल्याइएको बताए। 'कांग्रेसलाई आगामी दिनमा थप मजबुत, थप एकताबद्ध र जनविश्वास प्राप्त पार्टीका रूपमा अघि बढाउने हाम्रो साझा प्रतिबद्धता हो। कांग्रेस विगतमा पनि देशको पहिलो पार्टी थियो। अहिले केही खस्किएको अवस्था भए पनि सबै मिलेर पुनः देशको सबैभन्दा ठूलो पार्टी बनाउने लक्ष्यका साथ अघि बढ्नेछौं,' विश्वकर्माले भने।

विश्वकर्माले पार्टीलाई थप सुदृढ बनाउन सबै नेता-कार्यकर्ता एक हुनुपर्नेमा जोड दिँदै साउन ६ गते बीपी स्मृति दिवस विशेष कार्यक्रमका साथ मनाउन लागिएको बताए। उनले भने, '१५औं महाधिवेशनको कार्यतालिका, सम्पर्क कार्यालयका गतिविधि र आगामी रणनीतिबारे थप निर्णय हामी मंगलबारको बैठकबाट गर्छौं।' विश्वकर्माले सभापति गगन थापाका पछिल्ला अभिव्यक्तिले पार्टी एकतामा अपेक्षित सहयोग नपुगेको टिप्पणी गर्दै संस्थापन पक्षले लचिलो भूमिका नलिए कांग्रेसका लागि वैकल्पिक राजनीतिक रणनीतिबारे पनि छलफल भइरहेको बताए।

» बाँकी पृष्ठ ६